सर्वोच्च अदालत

# विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदल, २०६६

## प्रतिवेदनको सार संक्षेप

सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूबाट मिति २०६६।७।२८ गते पद वहाली गर्दाका अवसरमा व्यक्त प्रतिबद्धता बमोजिम मिति २०६६।९।७ को निर्णयानुसार सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको संयोजकत्वमा माननीय न्यायाधीशहरू श्री खिलराज रेग्मी, श्री गिरीश चन्द्र लाल र श्री प्रकाश वस्ती सदस्य रहेको कार्यदल गठन भएको हो ।

यस कार्यदलले विकृतिविहीन न्यायपालिकाको विकासका लागि सरोकारवालाहरू कानून व्यवसायी, पत्रकार, कर्मचारी, न्यायाधीश, नागरिक समाज, मानव अधिकारकर्मी, भ्रष्टाचारविरुद्धको अभियानमा संलग्न संघ संस्था, प्रहरी, सरकारी वकील र सेवाग्राहीहरूसँगको सहकार्यलाई आफ्नो अध्ययनको मूल आधार बनाएको थियो । सरोकारवाला सबैका राय सुझाव र प्रतिक्रियाका साथै न्यायपालिकाको विकृतिका विषयमा पहिले भएका अध्ययन प्रतिवेदन र प्रकाशित पुस्तक तथा लेख रचनाहरू समेतलाई कार्यदलले महत्त्वका साथ अध्ययन र मनन गर्‍यो ।

अध्ययनका सिलसिलामा न्याय क्षेत्रका सरोकारवाला विभिन्न निकाय तथा संघ संस्थासँग आबद्ध व्यक्तिहरु समेत गरी कूल ७१० जना व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्क्रियाका माध्यमबाट संकलित राय, सुझाव तथा प्रतिक्रिया, कार्यदलसमक्ष प्राप्त भएका विभिन्न संस्था तथा व्यक्तिगतसमेत सात वटा लिखित सुझाव र न्याय परिषद्, सर्वोच्च अदालत र नेपाल कानून व्यवसायी परिषद्‌बाट प्राप्त विवरण समेतलाई अध्ययन, मनन र विश्लेषण गरिएको छ । ५ वटा परिच्छेद् र ३ वटा अनुसूचीमा विभक्त गरिएको प्रतिवेदन १४४ पृष्ठको छ ।

आफ्नो प्रतिवेदनलाई यथार्थपरक बनाउने र विद्यमान समस्याहरूलाई ढाकछोप नगरी उजागर गर्ने, समस्या मात्र नदेखाई समाधानका उपायहरूसमेत सुझाउने दिशामा केन्द्रित गराउनेतर्फ पनि कार्यदल सचेष्ट रहेको थियो ।

ढिलासुस्ती, फैसला कार्यान्वयन, महंगो न्याय, पारदर्शिताको अभाव र आर्थिक अनियमितता तथा भ्रष्टाचार लगायतका पाँच विषयलाई न्यायपालिकाका प्रमुख समस्याका रुपमा औंल्याउँदै ती समस्याहरूको समाधानका उपायहरूलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

न्यायपालिकाभित्रका विकृतिहरूको कारकका रुपमा काम कारवाहीमा ढिलासुस्ती प्रमुख रुपमा अध्ययनको विषयवस्तु बन्यो । अध्ययनबाट न्यायिक काम कारवाहीमा ढिलासुस्तीका २४ वटा आन्तरिक र १६ वटा बाह्य कारणको पहिचान गरिएको छ । थाम्ने थमाउने म्याद र हदम्याद अनावश्यक रुपले लामो हुनु, प्रमाण मुकरर एकै पटक गरिन सकिनेमा पटक पटक गरिनु, पटक पटक पेशी स्थगित गरिनु, बहस व्यवस्थापन नहुनु र फैसला कार्यान्वयन प्रक्रियामा मुद्दा माथि मुद्दा गर्ने प्रवृत्ति रहनु जस्ता समस्यालाई ढिलासुस्तीका आन्तरिक कारणका रुपमा पहिचान गरिएको छ । त्यसैगरी ढिलासुस्तीका बाह्य कारणका रुपमा विचौलीयाको कारणले इजलास छान्ने प्रवृत्ति व्याप्त

हुनु, ऐन कानूनको सुधारमा सरकार उदासीन रहनु, न्यायपालिकालाई अनुत्पादक क्षेत्र सम्झी सरकारबाट पर्याप्त वजेट विनियोजन नहुनु, अदालतका निर्णय आदेश कार्यान्वयन गर्न र सहयोग गर्न सरकार उदासीन रहनु र अदालतमा कार्यरत जनशक्तिलाई पर्याप्त सुविधा एवं वृत्ति विकासका अवसर उपलब्ध नहुनुलाई औँल्याइएको छ । यी सबै समस्याहरूको समाधानमा बुँदागत सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

फैसला कार्यान्वयन हुन नसक्दा सेवाग्राहीले न्याय पाएको अनुभूति गर्न नसक्ने कुरामा कसैको पनि विमति छैन । यो न्यायप्रतिको जनआस्थामा सोझै प्रभाव पार्ने विषय हो । फैसला कार्यान्वयनको जटिलता न्यायिक विकृतिको कारक देखिएकोले फैसला कार्यान्वयन सम्बन्धमा ऐनमै हुनुपर्ने सुधारका पक्षहरु, नियममा मात्र सुधार गरेर पुग्ने विषय र प्रशासनिक रुपमा गर्न सकिने काम कुरालाई पनि प्रतिवेदनमा समेटिएको छ । देशभरिका अदालतहरूमा आर्थिक वर्ष २०६५/०६६ को अन्त्यसम्ममा असूलउपर हुनुपर्ने दण्ड जरीवाना ४ अरव १७ करोड ७९ लाख ६१ हजार ४ सय २८ रुपैया ८१ पैसा र कैद ८१ हजार ७ वर्ष ६ महिना र १९ दिन देखिन्छ भने फैसला कार्यान्वयनतर्फ परेका दरखास्तहरू मध्ये ५ हजार ९ सय ७८ थान बाँकी देखिन्छन् । असूलउपर हुन बाँकी देखिएको दण्ड जरीवानाको ठूलो अंक र कार्यान्वयनको प्रतीक्षामा रहेका दरखास्तहरू समेतलाई दृष्टिगत गरी केही महिनाको समय दिएर सम्बन्धित व्यक्तिलाई दण्ड जरीवाना तिर्न समेत मौका दिने, यो अवधिमा असूलउपर हुन नसके त्यस्ता व्यक्तिहरूका तीन पुस्ते विवरणसहित पुस्तिका जारी गर्ने र असूल गराई दिन सहयोग गर्ने जो कोहीलाई आकर्षक रकम पुरस्कारस्वरुप दिने व्यवस्था हुनु वाञ्छनीय देखिएको कुरा कार्यदलले आफ्नो प्रतिवेदनमा सुझाएको छ । भविष्यका लागि पनि दण्ड जरीवाना कैद हुन सक्ने व्यक्तिको तस्वीर, औंठाछाप र अन्य ठोस विवरण कम्प्युटरमा सुरक्षित राख्ने व्यवस्था तुरुन्त लागू गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमा समावेश गरिएको छ ।

महंगो न्याय विकृतिको अर्को कारकको रुपमा देखिएको छ । त्यसको निराकरणका लागि पुनरावेदन तहमा तत्कालै तारेख प्रथा हटाउने, मुद्दाको सुनुवाई हुने दिन र अबधि तोकेर समयसारिणी प्रथा लागू गर्ने उपाय सिफारिश गरिएको छ । कुन कामको लागि कति दस्तूर लाग्दछ भन्ने कुरा सेवाग्राहीहरूलाई जानकारी दिन नागरिक बडापत्र र सूचना जस्ता माध्यमहरूको अवलम्वन गरिनु पर्ने देखिएको छ । कानून व्यवसायीको फर्म नेपाल कानून व्यवसायी परिषद्मा दर्ता हुनुपर्ने, कानून व्यवसायीले कर तिरे नतिरेको र तिरेको भए कति तिरेको समेतका विवरण र सम्पत्ति विवरण समेत सो निकायमा रहनुपर्ने व्यवस्था समेत गर्ने गरी नेपाल कानून व्यवसायी परिषद् ऐनमा संशोधन हुनुपर्ने भन्ने सिफारिश गरिएको छ । नेपाल बार एशोसिएशनको सहयोग र नेपाल कानून व्यवसायी परिषद्को सक्रियता बढाउनु पर्ने कुरामा पनि जोड दिइएको छ ।

न्यायपालिकाका काम कारवाहीमा पारदर्शिताको कमीले जन्माएका समस्याहरूलाई पनि प्रतिवेदनमा विशेष रुपमा औँल्याइएको छ । यस क्रममा सञ्चार माध्यम र अदालतको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने कुरालाई पनि अध्ययनको विषय बनाइएको थियो । अदालतको आफ्नो खबर सम्प्रेषण गर्ने गरी वेभसाइट तुरुन्त शुरु गर्नुपर्ने र रेडियो तथा टीभी कार्यक्रमको सञ्चालनका विषयमा

अध्ययन गर्नुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ । सञ्चार माध्यमसँगको सम्बन्धलाई पुरातन दृष्टिकोणबाट नहेरी सबै खाले विकृति विसंगतिहरूको निराकरणमा सञ्चार माध्यमलाई साथ लिएर अघि बढ्न सकिने सम्भावनाका क्षेत्रहरूको पहिचान समेत अध्ययनबाट गरिएको छ । त्यसैका लागि सञ्चार माध्यमसँगको सम्बन्ध निर्धारण गरी अन्तर्क्रियालाई निरन्तरता दिनुपर्ने, न्यायाधीश आचारसंहिता र कानून व्यवसायी आचारसंहिता तथा त्यसको परिपालनाको विषयलाई सञ्चार माध्यमहरूको सहयोगमा प्रचार प्रसार गरिनु पर्ने, बिचौलीयाहरूका पहिचान र उनीहरूको निगरानीमा सञ्चार माध्यम र विशेष गरी कानून पत्रकारहरूले सक्रियता देखाउनु पर्ने समेतका कुराहरूलाई सुझावमा समावेश गरिएको छ ।

अनुसन्धान र अभियोजनका विषयलाई सम्बन्धित पक्षले गम्भीरतापूर्वक नलिई औपचारिकता पूरा गर्ने तर्फ मात्र उद्यत रहने र त्यसका कारणबाट राज्यसंयन्त्रप्रति आमजनतामा वितृष्णा र अविश्वास सिर्जना हुनसक्ने सम्भावनातर्फ पनि सम्बन्धित क्षेत्रको ध्यान जानुपर्ने अनुभव गरिएको छ । अपराध अनुसन्धानमा प्रहरी र सरकारी वकीलबीच समन्वयको अभाव रहेको र फौजदारी न्याय र अनुसन्धान प्रणाली समयसापेक्ष नभएकोले त्यसमा अध्ययन अनुसन्धान गरी उपयुक्त प्रणालीको स्थापना गर्नुपर्ने कुरामा पनि सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको छ । त्यस्तो अवस्थाको अन्त्यका लागि अपराध अनुसन्धानका लागि विशिष्टीकृत प्रहरी सेवाको व्यवस्था हुनुपर्ने, क्षेत्रीयस्तरमा समेत प्रहरीअन्तर्गत वैज्ञानिक प्रयोगशालाको स्थापना हुनुपर्ने, अपराधको अनुसन्धानमा निष्पक्षता र व्यावसायिक निष्ठा कायम गर्नुपर्ने, अनुसन्धान प्रक्रियामा भएका राम्रा पक्षहरूलाई फैसलामा समेत उल्लेख गरी अपराध अनुसन्धानमा संलग्न जनशक्तिलाई प्रोत्साहित गर्ने परिपाटी बसालिनु पर्ने र सम्बन्धित कानूनहरूमा समसामयिक परिमार्जन गरिनु पर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएका छन् ।

आर्थिक अनियमितता र भ्रष्टाचारको विषय कार्यदलको अध्ययनको प्रमुख विषय रहेको छ । भ्रष्टाचारका सन्दर्भमा भन्नु पर्दा न्यायपालिका यो समस्याबाट मुक्त छ भन्न सकिँदैन । तर, अपराध अनुसन्धानका त्रुटि र कमजोरीका कारणले अभियुक्तले सफाइ पाउँदा होस् वा कानून व्यवसायीले लिनु पर्ने माग दावी नगर्दा र गलत कानून प्रयोग गर्दाका कारणले होस् वा सञ्चार माध्यमले अपराधीका रुपमा चित्रित गरी प्रचार प्रसार गरेको व्यक्ति प्रमाणको अभावमा छुट्दा होस्- यी सबै कमी कमजोरीको दोष वहन गर्न न्यायपालिका बाध्य भएको वास्तविकतालाई पनि प्रतिवेदनमा उपयुक्त किसिमले दर्शाइएको छ । केही कानून व्यवसायी र तिनका सहयोगीले अदालतका कर्मचारीका नाममा अनावश्यक शुल्क असूल गर्ने प्रवृत्ति र केही कर्मचारीको दस्तूरी लिने बानीले न्यायपालिकाका सेवाग्राहीमा प्रतिकूल प्रभाव परिरहेको भन्ने अध्ययनको क्रममा आएको प्रतिक्रियालाई समस्याको रुपमा लिई त्यसका निदानका उपाय खोजी गर्ने प्रयत्न पनि गरिएको छ । मेलमिलाप पद्धतिलाई संस्थागत गर्दै प्रोत्साहित गर्ने कुरामा पनि प्रतिवेदनमा जोड दिइएको छ ।

बिचौलीयाको बिगविगीले समस्त न्यायपालिका बढी आक्रान्त छ । फटाहावाजहरूको फन्दामा सेवाग्राहीहरू फस्ने गरेको भन्ने कुरा पनि वास्तविकताको निकट छ । तर, यसो भन्दैमा

न्यायपालिकामाथि आइलाग्ने गरेको अनियमितता, विकृति र भ्रष्टाचारको दोष सम्पूर्ण रुपले असत्य हुन् भन्ने अवस्था पनि छैन । भ्रष्टाचारमुक्त न्यायपालिकाका लागि पहिलो प्रतिबद्धता मन, वचन र कर्मले न्यायाधीशहरूबाटै प्रकट हुनुपर्छ । यसका लागि सम्बद्ध निकाय, विशेष गरी न्याय परिषद्, न्याय सेवा आयोग, नेपाल कानून व्यवसायी परिषद् जस्ता संस्थाहरूबाट अपेक्षित भूमिकाको विषयमा पनि प्रतिवेदनमा विशद चर्चा गरिएको छ । आचारसंहिताहरूको पालना भए नभएको अनुगमनको अभाव र नियामक निकायहरूको सुस्तताले उब्जाएका समस्याहरूलाई पनि अध्ययनको क्रममा प्रमुख विषयवस्तु बनाइएको छ । विकृतिका विभिन्न रुपमध्ये गैसस र अगैसससँगका अनपेक्षित सम्बन्धलाई पनि प्रतिवेदनमा औंल्याइएको छ । यति हुँदा हुँदै पनि भ्रष्टाचारको मामिलामा न्यायपालिका अफवाहले बढी नै आक्रान्त भएको निष्कर्षमा कार्यदल पुगेको छ । अदालतमा भ्रष्टाचार व्याप्त छ र बिना खर्च मुद्दा जितिँदैन भन्ने सेवाग्राही र आमजनतामा रहेको धारणामा परिवर्तन ल्याउन न्यायाधीश, न्यायकर्मी, कानून व्यवसायी, सरकारी वकील, अर्धन्यायिक निकाय, प्रहरी र सञ्चार माध्यम समेतको सामूहिक प्रयासको खाँचोलाई प्रतिवेदनमा जोड दिइएको छ ।

विशुद्ध आपराधिक मुद्दा सरकारले फिर्ता लिन नहुने र राम्रो अनुसन्धान गर्ने प्रहरीको उल्लेखन फैसलामा नै हुनुपर्ने, झूठा साक्षीलाई सोही मुद्दाको निर्णयबाट सजाय हुने कानूनी व्यवस्था प्रयोगमा ल्याइनु पर्ने आवश्यकता पनि महसूस गरिएको छ । न्यायाधीशका उल्टी पटक अनुसन्धानको प्रयोजनार्थ नै भए पनि अभिलेख राख्नु पर्ने सिफारिश गरिएको छ । गहन फौजदारी मुद्दामा निरन्तर सुनुवाइ र मुद्दा पेश हुने वित्तिकै प्रमाण परीक्षण हुनुपर्ने, महान्यायाधिवक्ता कार्यालयमा अभियोजन प्रमुखको व्यवस्था हुनुपर्ने, अदालतका निर्णय तथा आदेशमा हुल बल र भीडको प्रभाव पर्न नहुने र कानून शिक्षा प्रणालीमा परिवर्तनको खाँचोलाई पनि सुझावमा औंल्याइएका छन् ।

उल्लिखित सुझावहरू न्यायिक निष्पक्षता, न्यायमा जनताको सहज पहुँच, न्यायिक पारदर्शिता एवं सुलभ न्यायका लागि महत्त्वका साथ औंल्याइएका छन् । यसका लागि स्वतन्त्र न्यायपालिकाको संवैधानिक प्रत्याभूति हुनुपर्ने आवश्यकतालाई कार्यदलले महत्व दिएको छ । कार्यदल समक्ष प्रस्तुत गरिएका राय, सुझाव तथा प्रतिक्रियाहरूको विश्लेषण गर्दा व्यक्तिगत धारणा र प्रवृत्तिगत कुरा बाहेक कसैलाई ईंगित गरी किटानी साथ विकृति, विसंगति एवं भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको पहिचानका आधारमा स्पष्ट कुरा आएको देखिएन । तर, कसैले पनि दोषी किटान गरी न्यायपालिकाभित्रको विकृतिलाई नऔंल्याइएको भन्दैमा सुझाव वा प्रतिक्रियाका रुपमा औंल्याइएका विविध विषयहरूको सान्दर्भिकतालाई यस अध्ययनको सिलसिलामा पनि नकार्न नहुने मान्यताका साथ न्यायपालिकाको समग्र सुधार अभियानमा गहिरो सम्बन्ध राख्ने ती विषयहरूलाई आधार मानेर नै सुधारका विषयवस्तुहरू प्रस्तुत गर्ने निष्कर्षमा कार्यदल पुगेको हो । प्रतिवेदनमा समावेश गरिएका सुझावहरू सम्बन्धित क्षेत्रबाट प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन् भन्ने अपेक्षा पनि कार्यदलले राखेको छ ।